# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९] काठमाडौं, कार्त्तिक २६ गते २०३६ साल [अतिरिक्ताङ्क ४४


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३६ सालको ऐन नं. ७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## जिल्ला पञ्चायत ऐन, २०१९ लाई संशोधन गर्ने बनेको ऐन

प्रस्तावना : जिल्ला पञ्चायत ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "जिल्ला पञ्चायत (आठौं संशोधन) ऐन, २०३६" रहेको छ ।

(२) यस ऐनको दफा १, २ र ४ तुरुन्त र दफा ३ श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. जिल्ला पञ्चायत ऐन, २०१९ को दफा ११ मा संशोधन : जिल्ला पञ्चायत ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा ११ को उप-दफा (४) को सट्टा देहायको उप-दफा (४) राखिएको छ :–

"(४) जिल्ला सभाको बैठकको लागि गणपूरक संख्या तोकिएबमोजिम हुनेछ ।"

३. मूल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ को,–

(१) उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छ :–

"(२) जिल्ला पञ्चायतका सदस्यहरूको निर्वाचनको लागि प्रत्येक जिल्ला पञ्चायत क्षेत्रलाई श्री ५ को सरकारले नौ इलाकामा विभाजन गर्नेछ । यसरी विभाजित प्रत्येक इलाकाका एक्काईस वर्षको उमेर पूरा गरेका, मगज नबिग्रेका र सो जिल्लामा गाउँ पञ्चायत ऐन, २०१९ को दफा २ को खण्ड (ङ) वा नगर पञ्चायत ऐन, २०१९ को दफा २ को खण्ड (क४) बमोजिम बसोबास गरेका नेपाली नागरिकहरूले सम्बन्धित इलाकाका गाउँ पञ्चायत वा नगर पञ्चायतका सदस्यहरूमध्येबाट जिल्ला पञ्चायतका लागि सदस्य निर्वाचन गर्नेछन् ।"

(२) उप-दफा (४) को सट्टा देहायको उप-दफा (४) राखिएको छ :–

"(४) जिल्ला पञ्चायतका सभापति र उप-सभापति सम्बन्धित जिल्लाका सबै इलाकाहरूका गाउँ पञ्चायत तथा नगर पञ्चायतका सदस्यहरूले आफूमध्ये निर्वाचन गर्नेछन् ।"

४. मूल ऐनको दफा २० मा संशोधन: मूल ऐनको दफा २० को सट्टा देहायको दफा २० राखिएको छ :–

"२०. गणपूरक संख्या : जिल्ला पञ्चायतको बैठकको लागि गणपूरक संख्या तोकिएबमोजिम हुनेछ ।"

लालमोहर सदर मिति:– २०३६।७।२६।२

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

३८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।